# लैंगिक न्यायसंगत जलवायुका समाधानहरू

## सिद्धान्त र सूचक, भाग १

नारी
नारीवाद
लैंगिकता
समानता समावेशीता मानसिकता
पहिचान न्याय विविधता
सशक्तिकरण रूपान्तरण कार्य
स्वतन्त्रता सम्मान जलवायु परिवर्तन
अर्थपूर्ण नेतृत्व सहभागिता
प्रतिनिधित्व
अन्तरसम्बन्धित
निर्णय-प्रकृया
संलग्नता
अधिकार

GLOBAL ALLIANCE FOR GREEN AND GENDER ACTION

Prakriti Resources Centre

टेवा Tewa

**लैंगिक-न्यायसंगत जलवायुका समाधानहरूः सिद्धान्त र सूचक, भाग १**

**प्रकाशक**
प्रकृति रिसोर्सेस् सेन्टर र टेवा, नोभेम्बर २०२४

**© प्रकृति रिसोर्सेस् सेन्टर (पी आर सी), २०२४**

**लेखक** : साधना श्रेष्ठ, प्रज्ञा शेरचन र प्रवीण मान सिंह

**सम्पादक** : विनय धिताल

**समीक्षक** : मिता सैँजु प्रधान, प्रिमा रन्जितकार, अलेक्जान्ड्रिया गोर्डेन र गौरी जैसवाल

**धन्यवाद ज्ञापन !**
यो सामग्री तयारीमा मीता सैँजू प्रधान, प्रीमा रञ्जितकार, अलेक्जेन्ड्रिया गोर्डन र गौरी जैसवाल तथा समीक्षा, छलफलका सहभागीहरूको योगदानलाई उच्च कदर गर्दछौँ । UNFCCC COP29 मा यो पठन सामग्री लोकार्पण गर्ने ग्लोबल एलायन्स फर ग्रिन एन्ड जेन्डर एक्सन (GAGGA) प्रति प्रकृति रिसोर्सेस् सेन्टर कृतज्ञता व्यक्त गर्दछ । साथै, प्रकृति रिसोर्सेस् सेन्टरलाई यस परियोजनामा संलग्न गराउने GAGGA र Both ENDS प्रति धन्यवाद ! TEWA को सहकार्य र वित्तीय सहयोगप्रति PRC आभारी छ ।

**अस्वीकरण**
'लैंगिकता' को अवधारणाले यस प्रकाशनमा उल्लेख गरिएको भन्दा अझै फराकिलो लैंगिक पहिचान र यौनिक विविधतालाई समेट्छ । यद्पी, यस प्रकाशनमा भने प्रमुखतः महिला वा किशोरीहरू माथि हुने विभेदपुर्ण शक्ति संरचना र सम्बन्धहरुलाई मुख्य विषय बनाइएको छ । तथापि यहाँ समाहित तथ्यतथ्याङ्कले लैंगिक पहिचान र अभिव्यक्तिका विविध आयाम प्रस्ट पार्छ । यसको निष्कर्षहरु नेपाली समाजको सन्दर्भमा आधारित छ । यस प्रकाशनको जुनसुकै अंश उद्धृत गर्न, विद्युतीय वा यान्त्रिक उपकरणबाट पुनरुत्पादन गरी भण्डारण गर्न वा अन्य कुनै प्रयोजनका लागी प्रकृति रिसोर्सेस् सेन्टरको पूर्व स्वीकृति बिना पनि प्रयोग गर्न सकिनेछ तर स्रोत अनिवार्य रुपमा उल्लेख गरिएको हुनुपर्छ ।

# लैंगिक
## न्यायसंगत जलवायुका समाधानहरु
### सिद्धान्त र सूचक, भाग १

GLOBAL ALLIANCE FOR GREEN AND GENDER ACTION

Prakriti Resources Centre

Tewa

# विषयसूची


**पृष्ठभूमि** ........ १

**मापनका सूचकहरू** ........ २

**सिद्धान्त १ : लैंगिक अध्ययन विश्लेषणको कार्यान्वयन** ........ ३

परिचय ........ ३

खाडल र चुनौतीहरू ........ ४

मापनका सूचकहरू ........ ५

**सिद्धान्त २ : महिलाको आवश्यकता र जोखिम सम्बोधन** ........ ८

परिचय ........ ८

खाडल र चुनौतीहरू ........ ९

मापनका सूचकहरू ........ १०

**सिद्धान्त ३ : महिला सहभागिता र नेतृत्व सुनिश्चितता** ........ १२

परिचय ........ १२

खाडल र चुनौतीहरू ........ १३

मापनका सूचकहरू ........ १३

**सिद्धान्त ४ : महिलाहरूमाझ सूचना र जानकारी प्रसार प्रबर्द्धन** ........ १७

परिचय ........ १७

खाडल र चुनौतीहरू ........ १८

मापनका सूचकहरू ........ १९

**सन्दर्भ सामग्री सूची** ........ २२

# पृष्ठभूमि

जलवायु सङ्कट 'लैंगिक तटस्थ' हुँदैन । ऐतिहासिक असमानता र परिस्थितिक अवस्थाको संयुक्त प्रभाबका कारण महिला तथा केटीहरू बढी र फरक तरिकाले प्रभावित हुन्छन्, जसलाई जलवायु परिवर्तनको प्रभावले उनीहरूको अवस्था अझ खराब बनाइदिन्छ । सामाजिक-आर्थिक परिवेश र प्राकृतिक स्रोतहरूमा निर्भरता उच्च भएकाले महिलाको जोखिम बढ्दो हुन्छ । उदाहरणका लागि महिलाहरू बाढीबाट बढी प्रभावित हुन्छन् किनभने उनीहरू परिवारका आश्रित, असहाय र कमजोरहरूको हेरचाहमा केन्द्रित रहन्छन्, तैरने, पौडने कला र गति सीमित हुन सक्छ (Ahmed & Fajber, 2009; Sultan, 2024) । पितृसत्तात्मक समाजमा सामाजिक मान्यताहरु र शक्ति सम्बन्धहरुले महिलाहरुको अनुकूलन र प्रतिकार क्षमतामा समेत अवरोध पुराउछ (Bee, 2013; Ahmed & Fajber, 2009) ।

यिनै चुनौतीहरुलाई मध्यनजर गर्दै, नेपालमा प्रकृति रिसोर्सेस् सेन्टर र टेवाले Global Alliance for Green and Gender Actions (GAGGA) सँगको सहकार्यमा सन् २०२२ देखि "लैंगिक-न्यायसंगत जलवायुका समाधानहरु" का रुपरेखा विकास गर्न छलफल सुरु गऱ्यो । यस प्रयासले जलवायु कार्यहरुमा लैंगिक आयमलाई समेट्न र प्रभावकारी समाधानहरु विकास गर्न महिलाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने उद्देश्य राख्यो । सोही छलफलको आधारमा २०२२ मा लैंगिक-न्यायसंगत जलवायुका समाधानहरुका नौ प्रमुख सिद्धान्त प्रस्तुत गऱ्यो (PRC, 2022) । यद्धपि, यी सिद्धान्तहरु विश्व अनुकूलन लक्ष्य (Global Goal on Adaptation- GGA) सँग प्रत्यक्ष मिल्दैनन् । किनभने GGA को उद्देश्य जलवायु अनुकूलन प्रयास र उत्थानशिलतालाई सुधार गरी दिगोपन बढाउनु हो भने UAE Framework for Global Climate Resilience ढाँचाले प्रभावकारी जलवायु अनुकूलनमा थप वित्त व्यवस्थापनका लागि जोड दिन्छ, अहिलेसम्म त्यस्तो वित्तीय सहयोग न्यूनिकरणको तुलनामा कम मात्र प्राप्त भएको छ । तथापि, यी सिद्धान्तमार्फत प्रकृति रिसोर्सेस् सेन्टर र टेवाले GGA का सूचकहरूसँग सम्बन्धित लैंगिक उत्तरदायी सूचकहरु विकास गर्ने प्रयास राखेका छन् ।

प्यारिस सम्झौताकै अंश मानिएको GGA ले विश्वव्यापी अनुकूलन प्रयासशहरुलाई सबल बनाउने उद्देश्यले प्रमाणमा आधारित मार्गदर्शन, समावेशी राष्ट्रिय नेतृत्वमा आधारित प्रक्रिया र अनुगमन, मूल्याङ्कन तथा सिकाइ प्रणाली (MEL) को प्रयोग गर्दै अनुकूलन र न्यूनिकरण दुवैमा समान जोड दिन्छ । GGA भित्र लैंगिक दृष्टिकोण समावेशि गरी असमानता सम्बोधन गर्नु र जलवायु अनुकूलन गतिविधिमा महिलाहरूलाई सक्रिय सहभागी गराउनु महत्वपूर्ण विषय हो (Beauchamp and Józefiak, 2023) । लैंगिक-न्यायसंगत जलवायु समाधानले महिलालाई कमजोर वा पीडित होइन, समाज परिवर्तनको सक्रिय संवाहकको रूपमा स्थापित गर्छ । यी सिद्धान्तहरूले महिलाहरुलाई नेतृत्व गर्न, क्रियाकलापको स्वामित्व लिन र निर्णय प्रक्रियामा अर्थपुर्ण सहभागिता जनाउन सक्षम बनाउँछ ।

वर्तमान राष्ट्रिय लक्ष्यमा मापनयोग्य परिणाम र जबाफदेही संयन्त्रहरू न्यून देखिन्छ । राष्ट्रिय जलवायु परिवर्तन नीति, सन् २०१९ (NCCP) मा उल्लेख भए अनुसार, राष्ट्रिय अनुकून योजना (NAP, 2021-2050) ले नौवटा विषयगत र प्राथमिकता क्षेत्र तथा कार्यक्रम उल्लेख भएता पनि ती कार्यक्रमहरुको प्रगति मापन र अनुगमन गर्न आवश्यक सूचकहरु छैनन् । यस दस्तावेजमा त्यस अभावलाई भरपर्दो लैंगिक उत्तरदायी सूचकहरुको माध्यमबाट समेट्ने प्रस्ताव गरिएको छ, जसले प्रभावकारी अनुगमनका लागि दिगो विकासका लक्ष्यहरु (SDGs), अझै विशेष गरि जलवायु गतिविधिमा (SDG 13) समेत टेवा पुग्ने अपेक्षा गर्दछ ।

**लैंगिक-न्यायसंगत जलवायुका समाधानहरुका सिद्धान्तहरु**

१. **लैंगिक विश्लेषण :** महिला र पुरुषमा पर्ने विविध प्रभाव बुझ्न गहन लैंगिक विश्लेषण गर्ने ।
२. **जोखिम सम्बोधन :** महिला र किशोरीहरूले सामना गरिरहेका फरक अवश्यकता र जोखिमलाई सम्बोधन गर्ने ।
३. **सहभागिता र नेतृत्व :** जलवायु सम्बन्धी निर्णय प्रक्रियामा महिलाहरुको अर्थपूर्ण सहभागिता र नेतृत्वलाई प्राथमिकता दिने ।
४. **सूचना तथा जनकारीमा पहुँच :** महिलाहरूलाई जलवायु प्रभावबारे यथार्थ जानकारी गराई समाधानमा पहुँच बढाउने ।
५. **लैंगिक उत्तरदायी बजेट :** लैंगिक कार्यहरुमा सहयोग पुऱ्याउन लक्षित स्रोतहरु विनियोजन गर्ने ।

६. **समतामूलक लाभ वितरण :** जलवायु कार्यहरुबाट महिला र किशोरीहरूलाई पनि समान वा समतामूलक लाभ सुनिश्चित गर्ने ।

७. **लैंगिक संवेदनशील कार्यहरु :** परम्परागत वा रूढिवादी संरचनात्मक अवरोध हटाई महिला र पुरुषलाई समान अवसरका गतिविधिमा प्रोत्साहित गर्ने ।

८. **जवाफदेहिता :** महिला अधिकारको सुरक्षा र क्रियाकलापमा पारदर्शिता कायम गर्न प्रभावकारी संयन्त्र निर्माण गर्ने ।

९. **रूपान्तरकारी परिवर्तन :** महिलालाई लैंगिक भूमिका र सामाजिक शक्ति सम्बन्ध परिवर्तन गरी रूपान्तरणका लागि सशक्त बनाउने ।

PRC, Tewa र GAGGA बीचका छलफलको निष्कर्षबाट बनेका यी नौ सिद्धान्तमध्ये यस प्रकाशनमा समेटिएका चार सिद्धान्तहरु सम्बन्धित गुणात्मक र मात्रात्मक सुचकहरु समावेश गरिएका छन्, जसले जलवायु कार्यहरुलाई महिलाका वास्तविक आवश्यकताको जवाफदायी बनाउने उद्देश्य राख्दछ । बाँकी पाँच सिद्धान्तहरु आगामी प्रकाशनहरूमा समेटिनेछन् ।

# मापनका सूचकहरू

सरोकारवालाहरूसँगको व्यापक छलफलबाट विकास गरिएका यी सूचकहरूले जलवायु अनुकूलनमा संस्थागत र सामुदायिक दुवै दृष्टिकोण समावेश गरेको छ । बालविवाहसम्बन्धी सूचकहरुका लागि UNICEF को UNFPA ढाँचा जस्तै, यी सूचकहरु पनि सान्दर्भिक र सामुदायिक यथार्थमा आधारित सैद्धान्तीकरण प्रक्रियाबाट विकास गरिएका छन् ।

**क) मात्रात्मक सूचक :** महिलाहरुको जलवायु आवश्यकतालाई सम्बोधन गर्न मात्रात्मक सूचकले प्रगतिको उद्देश्य र मापनयोग्य प्रमाण उपलब्ध गराउँछ । स्रोत वितरण, सहभागिता दर, सूचनामा पहुँच आदिका सङ्ख्यात्मक तथ्याङ्कले सरोकारवालाहरूलाई जलवायु परिवर्तनको प्रभावकारी निगरानी गर्न, कार्यक्रमका प्रभाव र प्रगति मूल्याङ्कन गर्न सक्षम बनाउँछन् । तथ्याङ्कमा आधारित यस्ता प्रामाणिक दृष्टिकोणले महिला र किशोरीहरूलाई जलवायु प्रभाव सामना गर्ने चुनौती सम्बोधन गर्न लक्ष्य केन्द्रित प्रभावकारी उपाय अवलम्बन गर्ने अवसर उपलब्ध गराउँछन् ।

**ख) गुणात्मक सूचक :** मात्रात्मक मापनमा गहिराइ थप्ने गुणात्मक सूचकहरूले जलवायु अनुकूलनमा महिलाका अनुभव, चुनौती, सफलता आदि समेट्छन् । विश्व अनुकूलन लक्ष्य (GGA) सँग मिल्ने यस्ता सूचकहरू जोखिममा रहेका जनताको स्थितिप्रति सान्दर्भिक र संवेदनशील छन् । स्थानीय सरकार, नागरिक समाज, सामाजिक सङ्घ-संस्था र प्रत्यक्ष सरोकारवालाहरूको संलग्नता सुनिश्चित गर्ने यस्ता सूचकहरूले वैधता र भावनात्मक स्वामित्व ग्रहण गर्न मद्दत पुऱ्याउँछन् । मात्रात्मक र गुणात्मक सूचकहरूले सामाजिक गतिविधिको समग्र मूल्याङ्कन गर्दै जलवायु अनुकूलनमा समानता र दिगोपन बढाउँछन् ।

स्थानीय सरकारी एकाइ (LGUs), नागरिक समाजका सङ्गठन (CSOs), प्रत्यक्ष सरोकारवाला आदिसँग विभिन्न चरणमा छलफल गरी तयार गरिएका यी सूचकहरू प्रामाणिकता र अपनत्व बढाउन सक्षम छन् । GGA ढाँचामा गुणात्मक सूचक समावेश गर्नाले उत्थानशिलता तथा दिगोपन मापनका साथै जलवायु अनुकूलनका प्रभावकारी मूल्याङ्कनमा टेवा पुऱ्याउँछ ।

# सिद्धान्त १ :
# लैंगिक विश्लेषण

**यो सिन्द्धान्तले जलवायु परिवर्तनबाट पर्ने लैंगिक प्रभाव बुझ्न छुट्टै लैंगिक विश्लेषण गर्नुपर्ने महत्वपूर्णलाई जोड दिन्छ । विभिन्न अनुभवका आधारमा समस्या पहिचान गरिने यस मूल्याङ्कन पद्धतिले समाजमा महिलाका विशेष आवश्यकता सम्बोधन गर्न मद्दत गर्छ । जलवायु गतिविधिमा लैंगिक विश्लेषणका विविध पक्ष समेटिएको एकीकृत सिद्धान्तले महिलाले भोगिरहेका संवेदनशील चुनौती सामना गर्न सहज हुन्छ । PRC, Tewa र GAGGA बीचका छलफलबाट प्राप्त निष्कर्षका विविध आयाम जलवायु परिवर्तनले पार्ने लैंगिक प्रभाव न्यूनीकरण र समाधानका लागि निकै महत्त्वपूर्ण छन् ।**

## परिचय

लैंगिक मूल्याङ्कन जलवायु परिवर्तनका प्रभाव समाधान गर्ने महत्वपूर्ण साधन हो । यसले महिला, विशेषतः सीमान्तकृत समुदायमा देखिएका असमानता र संवेदनशीलताका आधारमा आवश्यकता पहिचान गरी समावेशीकरण र प्रभावकारी कार्यक्रमहरु मार्फत जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण र समाधान गर्ने उपाय विकासमा मद्दत गर्छ । नेपाली महिलाले सामना गरिरहेका सामाजिक-आर्थिक भूमिकाहरु, परिवार हेरचाहको जिम्मेवारी, जलवायु प्रकोपमा सीमित गतिशीलता आदिका कारण जटिल चुनौतीहरूको सामना गर्छन् (UN Women, 2022) । यस्ता विश्लेषणहरुले न्यायोचित र दिगो समाधानहरु विकास गर्न सहयोग पुऱ्याउँछन् ।

प्रभावकारी लैंगिक विश्लेषणले कोटामा सीमित नरही, महिलाले भोगिरहेका वास्तविक जीवन यथार्थ समाहित गरी उनीहरूको आवाजलाई निर्णय प्रक्रियामा समावेश गर्न सहयोग पुऱ्याउँछ । यसमा स्वास्थ्य, भूगोल, जातजाति, सामाजिक-आर्थिक पृष्ठभूमि जस्ता अन्तर-सम्बन्धित (intersectionality) पक्षहरुको समावेश हुन आवश्यक छ, जसले सबै भन्दा बढी पछाडि पारिएकाहरुको आवश्यकता समेट्न मद्दत पुऱ्याउँछ। स्थानीय अनुकूलन योजना (LAPAs) र लिङ्ग उत्तरदायी बजेट (GRB) जस्ता प्रचलित पद्धतिका निश्चित सीमाले समग्र महिलाका सामान्य आवश्यकता हेरे पनि अपाङ्गता भएका र सीमान्तकृत अवस्थाका महिलाको अवस्थाप्रति खासै ध्यान पुऱ्याउँदैनन् । त्यसैले, लैंगिक विश्लेषणले समावेशी समाधानका लागि समाजका विविध अनुभव र सामाजिक पहिचान समेट्ने अन्तर-सम्बन्धित (intersectionality) मूल्याङ्कन आवश्यक छ ।

### *विस्तृत लैंगिक विश्लेषणका लागि असल अभ्यास*

*PRC, Tewa र सरोकारवालाहरूबीच भएका विस्तृत छलफलबाट लैंगिक विश्लेषणका लागि निम्न अभ्यासहरु पहिचान भएका छन् :*

***क) रूढिवादी धारणामा चुनौती :***
*प्रभावकारी लैंगिक विश्लेषणले परम्परागत रूढिवादी धारणा होइन, महिलाका वास्तविक आवश्यकतामा गहिरिनुपर्छ । उदाहरणका लागि कुनै समुदायमा महिलाहरूले सिलाइ वा पाककलाजस्ता परम्परागत सीपको सट्टा इन्डक्सन चुलो मर्मत जस्ता नयाँ र प्रभावकारी तालिमको माग गरे, जसले अवसर पूर्वधारणा माथि चुनौती दिँदै अनुकूलित कार्यक्रमहरुको महत्व प्रदर्शन गरेको छ ।*

***ख) सामुदायि छलफलमा संलग्नता :***
*समुदायद्वारा नेतृत्व गरिएका छलफलले बाह्य प्रभाव न्यूनीकरण गर्दै वास्तविक आवश्यकता र जनचासो पहिचान गर्न मद्दत गर्छन् । उदाहरणका रूपमा Practical Action को पद्धतिमार्फत स्थानीय सामाजिक परिचालकद्वारा नेतृत्व गरिएका लक्षित समूह छलफल (FGDs) मा बाह्य प्रतिनिधिहरूले अवलोकन मात्र गरेका थिए । यो विधिले खुला छलफल प्रोत्साहित गर्दै महिलाहरु स्वतन्त्र रुपमा अभिव्यक्ति उजागर गराउन मद्दत गऱ्यो ।*

***ग) मिश्रित तथ्याङ्क पद्धति उपयोग :***
*गुणात्मक र मात्रात्मक तथ्याङ्क पद्धतिको एकीकरणले मूल्याङ्कन समृद्ध बन्छ । उदाहरणका लागि, मधेस प्रदेशमा बाढी आएको समयमा महिलाका अनुभवहरू मिश्रित तथ्याङ्क पद्धतिले मूल्याङ्कन गरी क्षति दस्तावेजीकरण गरिएको थियो । यसमार्फत जनजीवन प्रभावित हुने कारकहरु जस्तै पहिरनले बाँच्न सक्ने सम्भावना सहित समुदायको वास्तविक चित्र समेटिएको छ ।*

***घ) कार्यान्वयनकर्ताको प्रभाव :***
*लैङ्गिक मूल्याङ्कनमा अनुसन्धनकर्ता र फिल्ड कर्ताको आत्मावलोकन महत्वपूर्ण हुन्छ । सामुदायिक आवश्यकता र प्राथमिकतामा गरिने निरन्तर पुनरावलोकनले एकातिर जोखिममा रहेका सीमान्तकृत समुदायका आवश्यकता सुनिश्चित गर्न मद्दत पुग्छ भने अर्कोतिर कार्यान्वयनकर्ता, अनुसन्धनकर्ता आआफ्ना गतिविधिमा आचरण र भूमिका प्रति सचेत र क्रियाशील रहनुपर्छ (Hesse-Biber, 2012) ।*

***ङ) सन्दर्भअनुसार जोखिमको पुनः परिभाषा :***
*विशेष परिवेशलाई ध्यानमा राखी जोखिमको अवस्था सन्दर्भअनुसार परिभाषित हुनुपर्छ । तथ्याङ्क सङ्कलन प्रविधि र स्थानीय महिला समूहको सहयोगमा स्वास्थ्य वा आर्थिक सहभागिताजस्ता विषय केन्द्रित मूल्याङ्कनले समुदायका सूक्ष्म आवश्यकता पहिचान गर्न मद्दत पुग्छ ।*

## नेपालमा लैंगिक विश्लेषणका खाडल र चुनौतीहरू

नेपालमा लैंगिक विश्लेषणका क्रममा विभिन्न चुनौतीहरुको सामना गर्नुपर्छ :

**क. मात्रात्मक तथ्याङ्कका सीमितता :** राष्ट्रिय योजना र नीतिहरूमा निर्भर मात्रात्मक तथ्याङ्कले लैंगिक विशिष्टता र जोखिममा रहेकाहरू, विशेष गरि जलवायु घटना जीविकोपार्जनमा प्रभाव हुन सक्ने महत्वपूर्ण गुणात्मक दृष्टिकोणलाई ओझेलमा पार्दछ ।

**ख. मूल्याङ्कनको दायरा र गहिराइ :** लिङ्ग, उमेर, अपाङ्गताको अवस्था, जातीयता, सामाजिक-आर्थिक स्थितिजस्ता अन्तरसम्बन्धित पक्षहरूले मूल्याङ्कनलाई जटिल बनाउँछ । यसबीच समावेशिता र व्यावहारिक सन्तुलन मिलाउनु निकै चुनौतीपूर्ण हुन्छ । यस्ता जटिलताले मूल्याङ्कनका सीमामाथि नै प्रश्न उठाउँछन् ।

ग. **सुनिश्चितता र प्रतिनिधित्व :** सङ्कलित तथ्याङ्कले सीमान्तकृत समूहको सही प्रतिनिधित्व हुन कठिन हुन्छ । सामान्य दृष्टिकोणले विशेष समुदायका विविध आवश्यकता ओझेलमा पार्छन् । यस्तो अवस्थामा प्रतिनिधिमूलक डेटाका लागि कार्यान्वयन गर्नेहरूलाई निरन्तर वकालत गर्न जिम्मेवार बनाउनुपर्छ ।

घ. **नीति र स्रोतमा सीमितता :** सीमित साधनस्रोत र समयसँगै सरकारी निकायमा बारम्बार हुने परिवर्तनले लैंगिक मूल्याङ्कनको गहिराइ नभेटिने मात्र होइन, यस्तो अभ्यास संस्थागत गर्न गाह्रो हुन्छ । किनभने अपर्याप्त विधि, उपकरण र तालिमले यस्ता चुनौती अझ गम्भीर हुँदै जान्छन् ।

ङ. **संस्थागत र क्षमतागत अवरोध :** संस्था सञ्चालक र काममा अग्रसर कार्यकर्ताको क्षमता विकासका अभ्यासहरु प्रायः कमै हुन्छन् । अझ सरकारी स्तरमा त लैंगिक विश्लेषणका लागि आवश्यक सीप र साधनस्रोतको अभावका कारण अग्रपंतिका कार्यकर्ताहरु सक्षम हुदैनन् ।

## मापनका सूचकहरू

**क. मात्रात्मक सूचकहरु**

| क्षेत्र | सूचक |
|---|---|
| १. **समावेशीता र प्रतिनिधित्व :** सीमान्तकृत समूहको प्रतिनिधित्व सुनिश्चित गर्न मूल्याङ्कन प्रक्रियामा विविध दृष्टिकोण समावेश हुनुपर्छ । आवश्यकता र अनुभवको समग्र वस्तुस्थिति थाहा पाउन यस्तो सन्तुलित प्रक्रिया महत्वपूर्ण हुन्छ । | १.१. लैंगिक अनुपात : पुरुष र महिला सहभागिताको लक्ष्य कम्तीमा ५० प्रतिशत वा जनसङ्ख्याको संरचनासँग मिल्ने प्रतिनिधित्व अनुपात । |
| | १.२. सीमान्तकृत समूहको प्रतिनिधित्व : सीमान्तकृत समूह (आदिवासी, दलित, अपाङ्गत भएका व्यक्ति, महिलाहरू) को सहभागिता ३० प्रतिशत वा सोभन्दा बढी । |
| | १.३. निर्णय प्रक्रियामा भूमिका : नीति निर्माण र निर्णय प्रक्रियामा महिला र सीमान्तकृत समूहहरूको संलग्नताको अनुपात वा सीमा । |
| २. **स्रोतमा पहुँच र नियन्त्रण :** यसले साधनस्रोत वितरण र नियन्त्रणको अवस्था एवं महिला र सीमान्तकृत समूहको साधनस्रोतमा समान पहुँचको स्थिति मापन गर्नुपर्छ । यसले वितरणमा रहेको खाडलहरुको पहिचान र समाधान गर्न मद्दत गर्छ । | २.१. साधनस्रोत वितरण : महिला र सीमान्तकृत समूहमा स्रोत वितरणको अवस्था निगरानी र तथ्याङ्क । |
| | २.२. जीवनस्तर र सांस्कृतिक प्रभाव : सांस्कृतिक मूल्य-मान्यताले जीवनस्तरमा देखिएका विभेद र चुनौतीका समाधान मूल्याङ्कन । |
| ३. **न्यायिक मापदण्ड :** वितरण, पहिचान, प्रक्रिया र पुनर्स्थापना सहित मूल्याङ्कन प्रक्रियाका विविध पक्षमा निष्पक्षता मापनमा सहजता । योगदान र आवश्यकताहरूको न्यायिक सम्बोधन हुन्छ । | ३.१. न्यायपूर्ण वितरण : सांस्कृति सन्दर्भसँगै सीमान्तकृत समूहमा लगानी भएको स्रोतसाधनको प्रतिशत । |
| | ३.२. प्रक्रियागत न्याय : नीति निर्णय र योजना तर्जुमामा सीमान्तकृत समूहहरु (महिला, आदिवासी, अपाङ्गता भएका व्यक्ति) को सहभागिताको प्रतिशत । |
| | ३.३. न्यायिक पहिचान : सीमान्तकृत समूहका विशेष योगदान र आवश्यकताहरू प्रतिवेदन र योजनाहरूमा सम्बोधन । |
| | ३.४. पुनर्स्थापनामा न्याय : ऐतिहासिक, सांस्कृतिक र आर्थिक रूपमा पछाडि पारिएका महिला तथा सीमान्तकृत समूहको पुनर्स्थापनाका लागि सञ्चालित परियोजनाको सङ्ख्या । |

| | |
|---|---|
| ४. **एकीकरण र कार्यान्वयन :** मूल्याङ्कनका निष्कर्षहरू नीति निर्माण र जलवायु गतिविधिमा समावेश गरी कार्यान्वय गरे नगरेको हेर्छ। यसले मूल्याङ्कनका सिफारिस र पहिचान गरिएका आवश्यकता सम्बोधनमा प्रभावकारी कार्यान्वयनको अवस्था देखाउँछ। | ४.१. नतिजा एकीकरण : मूल्याङ्कनबाट प्राप्त निष्कर्षहरू अनुकूलन योजनामा समावेश भएको अनुपात (उदाहरणार्थ ८० प्रतिशत वा ०-१० स्तर एकीकृत)। |
| | ४.२. बजेट विनियोजन : पहिचान भएका आवश्यकता सम्बोधन गर्न विनियोजित बजेटको अंश र लक्षित समूहमा बजेट पुग्ने अनुपात। |
| | ४.३. सरकारी प्रतिक्रिया : सरकारी नीति, नियम वा प्रावधानमा लैंगिक विश्लेषणका डेटा सन्दर्भको आवृत्ति (frequency) र लैंगिक संवेदनशील जलवायु कार्यका अनुपात। |
| | ४.४. कार्ययोजनामा एकीकरण : मूल्याङ्कनबाट पहिचान भएका आवश्यकता कार्ययोजना र वार्षिक योजनाहरूमा सम्बोधनको प्रतिशत (१५ मध्ये १०)। |
| ५. **द्वितीयक तथ्याङ्क उपयोग :** विद्यमान तथ्याङ्कहरुको उपयोग र प्रभावकारिता मापन गर्छ। | ५.१. द्वितीयक तथ्याङ्क प्रयोग : द्वितीयक तथ्याङ्क स्रोत प्रयोगको अनुपात एवं निष्कर्ष र प्रतिवेदनमा डेटा सन्दर्भको आवृत्ति (frequency)। |
| ६. **प्रतिक्रियात्मक संयन्त्र :** समस्या समाधानका लागि विभिन्न प्रतिक्रियाबाट प्राप्त उजुरी र गुनासोको उपयुक्त सम्बोधन र प्रभावकारिताको मूल्याङ्कन गरि प्रक्रियामा समावेश हुने निश्चितता कायम गर्छ। | ६.१. गुनासो उजुरी प्रणाली : सम्बोधन गरिएका उजुरी र गुनासोको सङ्ख्या, सर्वेक्षण वा पछिल्ला मूल्याङ्कनमार्फत प्रतिक्रियात्मक पद्धतिसँग सन्तुष्टिको स्तर मापन। |

**ख. गुणात्मक सूचकहरु**

| क्षेत्र | सूचक |
|---|---|
| १. **मिश्रित जोखिम :** यसले तत्कालीन र दीर्घकालीन जोखिमको अवस्था दर्साउँछ, व्यक्तिले सामना गरेका विशेष चुनौतीबारे सूक्ष्म जानकारी दिन्छ। यसले समाजमा जरा गाडेर बसेका सान्दर्भिक समस्या समाधानमा सहयोग गर्छ। | १.१. ऐतिहासिक विभेद र सामयिक परिस्थितिक पक्षहरु समावेश गरी जोखिमको दोहोरो मूल्याङ्कन। |
| | १.२. निर्णय प्रक्रियामा देखिने शक्ति र नियन्त्रण सम्बद्ध अवरोध पहिचान। |
| २. **संस्थागत तयारी :** लैंगिक विश्लेषण गर्न संस्थागत क्षमता र प्रतिबद्धता। | २.१. लैंगिक विश्लेषण पद्धति सञ्चालनमा संस्थागत तयारी, क्षमता अभिवृद्धि र प्रतिबद्धतामा केन्द्रित संस्थागत तहको मूल्याङ्कन। |
| | २.२. संस्था वा परियोजनामा सञ्चालित लैंगिक संवेदनशीलता तालिमको सङ्ख्या र प्रशिक्षित कर्मचारीको अनुपात। |
| ३. **व्यक्तिगत सूचक :** लैंगिक मूल्याङ्कनप्रति सरोकारवालाहरुको धारणा र दृष्टिकोण जस्तै: आत्मविश्वास, मान्यता र महत्व समेट्छ। | ३.१. योजना कार्यान्वयन प्रक्रियामा लैंगिक दृष्टिकोण समावेश गर्न संस्था र कर्मचारीका गतिविधिको गुणस्तर र पंक्तिवद्धता वा मेल मूल्याङ्कन। |
| | ३.२. लैंगिक मूल्याङ्कन प्रक्रियामा सरोकारवालाका अवधारणको सान्दर्भिकता मूल्याङ्कन। |
| | ३.३. मूल्याङ्कनका क्रममा आफ्ना दृष्टिकोण व्यक्त गर्न महिलाको आत्मविश्वासको स्तर मूल्याङ्कन। |
| | ३.४. गुणात्मक प्रतिक्रियाका आधारमा महिलाहरुको समावेशिता र सम्मान अनुभूति मूल्याङ्कन। |

| | |
|---|---|
| ४. **सामाजिक-सांस्कृतिक मान्यता समेट्ने :** गलत मान्यताबाट जीवनस्तरमा पर्ने असर अध्ययन गर्छ । मूल्याङ्कनका निष्कर्ष प्रभावित गर्ने सामाजिक-सांस्कृतिक मान्यता केलाई महिलाका अनुभवमा आधारित नयाँ दृष्टिकोण निर्माण गर्छ । | ४.१. व्यक्तिको शारीरिक, मानसिक स्वास्थ्य र भावनात्मक अवस्थामा हानिकारक सामाजिक-सांस्कृतिक मान्यताले पुऱ्याउन सक्ने असरहरुको खोजी । |
| | ४.२. हानिकार मान्यतालाई बढावा दिने सन्दर्भ र अभ्यासको अनुसन्धान । |
| ५. **प्रतिक्रिया एकीकरण :** मूल्याङ्कन प्रक्रिया परिष्कृत र सुधार गर्न सरोकारवालाबाट प्राप्त मुख्य विचार एव्म सुझाव एकीकृत गर्ने । | ५.१. मुख्य सूचनादातासँगको कुराकानी (KIIs) बाट प्राप्त प्रतिक्रिया एकीकरण र निर्णय प्रक्रिया यसको असर विश्लेषण । |
| ६. **अन्तरसम्बन्धित विषयवस्तु :** यस्तो मूल्याङ्कनले पहिचान र अनुभवको अन्तरसम्बन्धित जटिलता समेट्छ । व्यक्ति माथि प्रभाव पार्ने विविध तत्वहरूको पहिचान गर्छ । | ६.१. गुणात्मक प्रतिक्रिया र विषयगत विश्लेषणबाट लैंगिक मूल्याङ्कनले अन्तरसम्बन्धित पक्षहरु समेट्ने क्षमता मूल्याङ्कन । |
| ७. **लैंगिक जवाफदेहिता र समावेशी योजना :** लैंगिक संवेदनशील संयन्त्रहरूलाई वृहत् सङ्गठनात्मक र सामुदायिक योजना प्रक्रियामा समावेश गर्नुपर्ने सुनिश्चित गर्छ । | ७.१. सामुदायिक जागरूकता र गुनासो सुन्ने संयन्त्रमा पहुँच मूल्याङ्कन । |
| | ७.२. वार्षिक योजना र रणनीतिक दस्ताबेजहरूमा लैंगिक विश्लेषणका निष्कर्ष एकीकरण मापन । |
| | ७.३. अन्तरसम्बन्ध र विविधताका आधारमा लैंगिक लेखापरिक्षण (Gender Audits) भएको पुष्टि । |

लैंगिकतामा आधारित जलवायु मूल्याङ्कन दृष्टिकोणले जोखिमको अवस्थालाई मात्र पहिचान गर्दैन, यसले जोखिम सामाजिक, आर्थिक, र सांस्कृतिक तत्वहरूबीचको अन्तरसम्बन्ध केलाउन समग्र बुझाइ आवश्यक ठान्छ । विशेष आवश्यकता सम्बोधनका लागि मात्र होइन, यस्तो समावेशी दृष्टिकोण महिला र सीमान्तकृत समूहका जोखिम एवं विशेष परिस्थिति अनुसार समाधानका उपाय तयार गर्न महत्वपूर्ण हुन्छ । लैंगिक विश्लेषणले समावेशिता, स्रोत वितरण र सामाजिक न्याय अनुगमन गर्न गुणात्मक विचार एकीकृत गर्नुपर्छ, साथै अन्तरसम्बन्धित जोखिम, संस्थागत तयारी, सामाजिक मान्यता र प्रतिक्रियात्मक मूल्याङ्कन गर्न मात्रात्मक अन्तरदृष्टि पनि समावेश गर्नुपर्छ ।

सामुदायिक संवाद, मिश्रित विधि सिद्धान्त र प्रभावकारिताको निरन्तर समीक्षाजस्ता दृष्टिकोण प्रयोग हुने लैंगिक विश्लेषण पद्धतिले लैंगिक-न्यायसंगत जलवायुका समाधान सक्छ । साथै, पहिचान गरिएका खाडलहरु जस्तै मात्रात्मक तथ्याङ्कका सीमितता र सही प्रतिनिधित्वले आवश्यकता पूरा गर्दै लैंगिक विश्लेषणको कार्यान्वयन र परिणामहरुमा विश्वसनीयता बढाउँछन् । यो समग्र दृष्टिकोणले समावेशी जलवायु समाधानलाई समर्थन गर्दछ, जलवाय चुनौतीहरुलाई सम्बोधन गर्न र लैंगिक समानता प्रवर्धन गर्न, जोखिममा रहेका जनसमुदायहरुलाई क्रियाशील बनाउँछ ।

# सिद्धान्त २ :
# महिलाका जलवायु आवश्यकता सम्बोधन

**यस सिद्धान्तले जलवायुसँग अन्तरसम्बन्धित महिलाका विशेष आवश्यकता समाधानमा जोड दिन्छ । विविध कारणले महिलामा देखिएका जोखिमका पक्षहरू पहिचान गरी जलवायु अनुकूलन र उत्थानशीलता बढाउँछ । यस सिद्धान्तले भौगोलिक स्थिति, पेसा, सामाजिक सन्दर्भजस्ता विविध आयामसँगै महिलाका जलवायु चासोहरू सम्बोधनका लागि प्रस्ट ढाँचा प्रदान गर्ने कार्यहरूको वकालत गर्दछ ।**

## परिचय

महिला, विशेषतः सीमान्तकृत र सामाजिक-आर्थिक रूपमा पछाडि परेका समयुदायका महिलाहरू प्राकृतिक साधनस्रोतमा निर्भरता र पितृसत्तात्मक भूमिकाका कारण जलवायु परिवर्तनका प्रभाव असमान रुपमा भोग्न बाध्य छन् । उदाहरणार्थ चरम मौसमी घटनाहरु महिला र बालबालिकाका लागि १४ गुणा बढी घातक देखिएका छन् । किन भने उनीहरुको सूचना, आवागमन, निर्णय प्रक्रिया तथा स्रोतसाधनको पहुँचमा सीमितता हुन्छ । संयुक्त राष्ट्र सङ्घका अनुसार जलवायु प्रभावबाट विस्थापित हुने प्रत्येक पाँच जना मध्ये चार जना व्यक्ति महिला र किशोरीहरु रहेका छन् । भौगोलिकता, पेसा, सामाजिक परिस्थिति, जातीयता जस्ता कारकहरुले यी जोखिमहरुलाई अझ गम्भीर अवस्थामा पुऱ्याउँछन्, जसले महिलाका विशेष आवश्यकताहरू पूरा गर्ने लैंगिक-न्यायसंगत जलवायुका समाधानहरुको आवश्यकतालाई जोड दिन्छ ।

झन्डै ६० प्रतिशत कृषि क्षेत्रको रोजगारीमा संलग्न (Chhetri & Ghimire, 2023) नेपाली महिलाहरू खाद्यान्न, पानी, इन्धन आदिको जोहो गर्ने असमान भूमिका भोगिरहेका छन् । प्रमुख सेवा प्रदायक र कृषि श्रमिकका रूपमा महिलाको कामको चाप सुक्खा, खडेरी, वर्षा, बाढी आदिमा अझ बढ्छ । यिनै कारणले केही किशोरीहरू स्कुल छोडी घरायसी काम सघाउन बाध्य हुन्छन् । यस्ता असामान्य चुनौतीहरुले, जलवायु परिवर्तनको प्रभावबाट महिलाको उत्थानशीलता र जीवनशैली सहजताको सुनिश्चितताका लागि जलवायु समाधानको महत्वलाई उच्च बनाउँछ (UN Women, 2022) ।

समावेशी, प्रभावकारी र दिगो समाधानका लागि महिलाका जलवायु आवश्यकता सम्बोधन गर्नु आवश्यक छ । समाजमा महिलालाई निष्क्रिय पीडितको रुपमा मात्र होइन, जलवायु उत्थानशीलताको सक्रिय संवाहकको रुपमा पहिचान गर्ने कुरामा ध्यान केन्द्रित गर्नाले जलवायु पहलका सफलतालाई बढाउँछ । निम्न उदाहरणहरूले लैंगिक विशेष आवश्यकता सम्बोधन गर्न समावेशी दृष्टिकोणका फाइदाबारे वर्णन गरेको छ ।

### *असल अभ्यास : महिला-केन्द्रीत जलवायु समाधानले सामुदायिक उत्थानशीलता अभिवृद्धि*

*महिलाका जलवायु आवश्यकता पहिचान गर्नु भनेको दिगो र न्यायसंगत समाधानमा योगदान पुर्‍याउनु हो । किनभने महिलाहरू पानी, इन्धन, खाद्यान्नजस्ता जलवायुबाट प्रत्यक्ष प्रभावित स्रोतसाधन व्यवस्थापनमा संलग्न छन् । उदाहरणका लागि काभ्रेमा महिला समूहले घरेलु दुग्ध प्रशोधन केन्द्र विकास गरे । यसले आय वृद्धिमा विविधीकरण गर्दै मौसमी खेती माथिको निर्भरता घटाएर पारिवारिक खाद्य सुरक्षामा पहल गर्‍यो । यस्ता पहलमार्फत आर्थिक अवसर र बजारको पहुँचले महिलालाई जलवायु अनुकूलन अभ्यासमा नेतृत्व गर्न सक्षम मात्र बनाउँदैन, अन्ततः सिङ्गो समुदायलाई फाइदा पुर्‍याउँछ (Nepali Times, 2022) ।*

*महिलाका जलवायु आवश्यकता सम्बोधनले जलवायु गतिविधिमा पनि नवीनता र प्रभावकारिता थप्छ । कुइँकेल थुम्का गाउँका महिलामा मोबाइल प्रविधिमार्फत जलवायु जानकारीको पहुँचले खेती र प्राकृतिक स्रोत व्यवस्थापनमा सुधार गरेको छ । करेखोला हरित कर्णाली परियोजना (GKP) ले थोपा सिँचाइ, टनेल खेती र 'भर्मी कम्पोस्टिङ' जस्ता प्रविधि सुरु गरेर महिलाका कार्यबोझ घटाई उत्पादन बढाएको छ । यस्ता कार्यक्रमहरूले महिलाको नेतृत्वमा मात्र विकास गर्ने होइन, समुदायको उत्थानशीलता पनि बढाउँछन् (Ibid) ।*

*ज्ञान र स्रोतसाधन महिलाहरूलाई सशक्त बनाए प्रभावकारी जलवायु सक्रियता सिर्जना हुन्छ । उदाहरणका लागि हिमाली जलवायु पहल (HCI) ले जलवायु वकालतमा युवा महिलाहरूलाई सशक्त बनाइरहेको छ भने 'हाम्री बहिनी' अभियान अन्तर्गत, संस्थाले न्यून आय भएका गरिब महिलाहरूलाई कपडाको झोला उत्पादन र बिक्रीवितरणमा सहयोग गरी प्लास्टिकका थैलाबाट हुने प्रदूषण घटाएर जीवन निर्वाहमा दिगोपन ल्याएको छ (Nepali Times, 2022) । जलवायु समाधानमा महिलाका आवश्यकता समावेश गरे समग्र समुदायलाई फाइदा पुग्छ, उत्थानशीलता र अनुकूलनका प्रयासहरुलाई सुदृढ बनाउँछ ।*

## महिलाका जलवायु आवश्यकता सम्बोधनमा देखिएका खाडल र चुनौतीहरु

अन्तरसम्बन्धित समस्याका कारण नेपालमा महिलाका जलवायु आवश्यकताको सम्बोधन निकै जटिल छ । खेतीपाती, खानेपानी, एवं इन्धन व्यवस्थापनमा संलग्न भूमिकाका कारण जलवायु परिवर्तनबाट अति प्रभावित ग्रामीण महिलाका आवश्यकता सम्बोधन चुनौतीपूर्ण छन् । व्यावहारिक जीवनसँग भित्रभित्रै जोडिएका यी वास्तविकताहरू गुणात्मक लक्ष्य, सूचक, नीतिनियममा समेट्न सहज छैन । यी यथार्थले प्रभावकारी र मापनयोग्य कार्यक्रमहरु गर्न चुनौती थपेको छ ।

विद्यमान नीतिमा विस्तृत संयन्त्र र साङ्गठनिक जिम्मेवारीबीच समन्वय छैन, त्यसैले महिलाका चौतर्फी समस्या समाधानमा जटिलता थपिएको हो । नेपालको सामाजिक संरचनाले ग्रामीण क्षेत्रका महिलामा अझ जोखिम थपेको छ, उनीहरू स्रोतसाधनमा पहुँच, निर्णय प्रक्रिया, आर्थिक अवसर आदिमा सीमितता भोगिरहेछन् । लैंगिकतामा आधारित वर्गीकृत तथ्याङ्कको न्यूनताले पनि लक्षित प्रयासहरूमा बाधा पुर्‍याउँछ । दलित[१], आदिवासी जनजाति महिलाहरु तथा फरक क्षमतायुक्त महिलाहरु जस्ता सीमान्तकृत समूहहरुलाई समेटेर तथ्याङ्क सङ्कलन र विश्लेषणले अवस्था सुधार र प्रभावकारी समाधान विकास गर्न सकिन्छ ।

विश्वव्यापी जलवायु पहलमा नेपालको सीमित संलग्नता (उदाहरणको लागि, कोप-२८, लैंगिक उत्तरदायीक न्यायसंगत रुपान्तरण तथा जलवायु कार्य साझेदारी) ले व्यापक, लैंगिक उत्तरदायीक दृष्टिकोण पारित गर्न नसकेको कुरालाई उजागर गर्दै यसले सम्भावित प्रगतिमा बाधा पुर्‍याउँन सक्छ (Dhungel, 2023) ।

१ Dalits are people from the lower castes in the caste system, which is rooted in Hinduism. In Nepal and many South Asian countries, the caste system creates social segregation and discrimination. Dalits, who make up about 13.8 percent of Nepal's population, are often marginalized and oppressed due to their lower status in this hierarchical system. (Amnesty International, 2024)

## मापनका सूचकहरु

क) मात्रात्मक सूचकहरु

| क्षेत्र | सूचक |
|---|---|
| १. जलवायु प्रभाव र आवश्यकतामा वर्गीकृत तथ्याङ्क | १.१. लैंगिकताको आधारमा वर्गीकृत तथ्याङ्क प्रयोग भएका जलवायु प्रभाव अध्ययनको प्रतिशत । |
| | १.२. लैंगिक रूपमा विभाजित क्षेत्रगत प्रतिवेदनको सङ्ख्या । |
| | १.३. लैंगिक आवश्यकता समेटिएका जलवायु योजनाको प्रतिशत । |
| २. महिलाका जलवायु आवश्यकता सम्बोधनका लागि स्रोत विनियोजन | २.१. महिलाका आवश्यकता सम्बोधनमा जलवायु अनुकूलन बजेट विनियोजित प्रतिशत । |
| | २.२. लैंगिक उत्तरदायी पहलहरूमा छुट्याइएको कुल रकम । |
| | २.३. महिलाका आवश्यकता सम्बोधन गर्ने उत्थानशील परियोजनाको सङ्ख्या । |
| ३. जलवायु अनुकूलन कार्यक्रमहरूमा महिला सहभागिता | ३.१. जलवायु कार्यक्रमहरुमा सहभागि भएका महिलाहरुका प्रतिशत । |
| | ३.२. नेतृत्वदायी भूमिकामा रहेका महिलाहरुको सङ्ख्या । |
| | ३.३. जलवायु सम्बद्ध बैठकहरूमा महिलाको सहभागिताको स्तर । |
| ४. जलवायु सूचना र स्रोतसाधनमा पहुँच | ४.१. मौसमसम्बन्धी जानकारीमा पहुँच भएका महिलाहरुको प्रतिशत । |
| | ४.२. तालिमबाट लाभान्वित महिलाहरुको सङ्ख्या । |
| | ४.३. महिलाका आवश्यकता सम्बोधनका लागि स्रोतसाधनको उपलब्धता । |

ख. गुणात्मक सूचकहरु

| क्षेत्र | सूचक |
|---|---|
| १. संस्थागत संलग्नता | १.१. जलवायु नीति छलफलमा महिला संलग्नताको गुणस्तर, महिलाको योगदान कति हदसम्म समावेश गरिएको छ र संस्थाको लैंगिक विशेष जलवायु आवश्यकतामा बुझाइको स्तर । |
| | १.२. लैंगिक उत्तरदायी जलवायु अनुकूलन रणनीति, योजना, बजेट र लैंगिक कार्यक्रम कार्यान्वयन गर्न संस्थागत क्षमता । |
| | १.३. NAP, SDG 13 जस्ता योजनाहरुसँग मेल खाने संस्थागत अनुगमन, मूल्याङ्कन र सिकाइ (MEL) ढाँचामा लैंगिक विशेष सूचकहरुको समायोजन । |
| | १.४. जलवायु क्रियाकलापमा महिलाको सहभागिता सीमित गर्ने प्रणालीगत बाधाहरुको पहिचान । |
| | १.५. यस्ता बाधाहरु हटाउन सरकारी संयन्त्र वा सहयोग प्रणालीहरुको प्रभावकारीता । |
| | १.६. महिला सहभागिताका अवरोध न्यूनीकरण गर्न संस्थागत नीतिहरूमा भएका समायोजनहरु । |
| २. सामुदायिक स्तरमा संलग्नता | २.१. सामुदायिक क्रियाकलापमा महिलाका योगदान सीमित गर्ने सामाजिक, सांस्कृतिक र संरचनात्मक बाधाहरुको पहिचान । |
| | २.२. जलवायु उत्थानशील अभ्यासमा महिलाको समग्र ज्ञान, नेतृत्व तथा सामुदायिक संसाधनमा पहुँच मूल्याङ्कन । |
| | २.३. महिला नेतृत्वका जलवायु पहलहरूको प्रभावकारिताबारे सामुदायिक धारणा । |
| | २.४. समुदायमा महिलाद्वारा नेतृत्व गरिएका परियोजनाहरूको कति सम्मान र मान्यता प्राप्त छ भन्ने विश्लेषण । |

न्यायसंगत र प्रभावकारी जलवायु क्रियाकलापका लागि महिलाका जलवायु आवश्यकता सम्बोधन अपरिहार्य हुन्छ। विशेषतः प्राकृतिक साधनस्रोतमा निर्भर, स्रोतमा सीमित पहुँच र सामाजिक-सांस्कृतिक सीमाले बाँधिएका सीमान्तकृत महिलाहरू जलवायु जोखिमबाट बढि प्रभावित छन्। जलवायु समाधानलाई यी जोखिम अनुरुप अभ्यास गरे लैंगिक असमानताको अवस्था सुधारिन्छ। जवाफदेहिता सुधार्न गुणात्मक र मात्रात्मक दुवै सूचकको प्रयोग महत्वपूर्ण हुन्छ। किन भने महिलाका योगदान र चुनौतीहरुमा गहन दृष्टिकोण निर्माणमा सहयोग गर्ने यी सूचकले राष्ट्रिय अनुकूलन योजना (NAP) अनुरूप नेपाललाई दिगो विकास लक्ष्य (SDGs) हासिल गर्न मद्दत गर्छन्। मात्रात्मक तथ्याङ्कले लैंगिक विशेष योजनामा स्रोत वितरणको निश्चित मापदण्ड कायम गर्छ भने गुणात्मक तथ्याङ्कले महिलाको संलग्नता र समर्थन प्रणालीको प्रभावकारिता मूल्याङ्कन गर्छ।

महिलाको संलग्नता र नेतृत्व प्रवर्धित जलवायु गतिविधिहरु समावेशी र दिगो बन्छन्। जसले सिङ्गो समुदाय लाभान्वित हुन्छ, समाजमा नवप्रवर्तनले गति लिन्छ। जलवायु अनुकूलनका लागि लैंगिक उत्तरदायी दृष्टिकोणले समानतालाई बढावा मात्र दिँदैन, यसले जलवायु परिवर्तनको समग्र उत्थानशीलतालाई बढावा दिन्छ। जसले गर्दा सबै व्यक्तिहरु चुनौतीको सामना गर्दै दिगो समाधानमा योगदान पुऱ्याउन सशक्त छन् भन्ने कुरा सुनिश्चित हुन्छ।

# सिद्धान्त ३ :
# निर्णय-प्रक्रियामा महिलाको सुनिश्चित सहभागिता र नेतृत्व



**यस सिद्धान्तले जलवायु सम्बद्ध निर्णय प्रक्रिया तथा अनुकूलन रणनीतिमा महिलाको सहभागिता र नेतृत्वमा जोड दिँदै जलवायुका राम्रा अभ्यास र चुनौती उजागर गर्दछन् । लैंगिक-न्यायसंगत जलवायु समाधानमा उपयुक्त कदम सिफारिसका लागि गुणात्मक र मात्रात्मक सूचकसहित मार्गनिर्देश गर्नु यसको लक्ष्य हो । लैंगिक दृष्टिकोणले जलवायु समाधानका विषयवस्तु प्रभावकारी बनाउन सहयोग गर्छ ।**

## परिचय

नारीवादी सिद्धान्तले प्रणालीगत असमानताका असमानताका कारण सीमान्तकृत समुदायका महिलाहरुसँग फरक जीवन अनुभवहरु हुन्छन्, जसले जलवायु चुनौतीहरुको उनीहरुको बुझाइलाई आकार दिन्छ (Al-wazedi, 2020) । यसले जलवायु परिवर्तन सम्बन्धी नीति, रणनीति, कार्यक्रम निर्माणमा महिलाहरूको सहभागिता र नेतृत्वमा जोड दिन्छ । हुन त नेपालले लैंगिक समानता तथा सामाजिक समावेशीकरण (GESI) आफ्ना नीति, रणनीति, कार्यक्रम र संस्थागत संयन्त्रहरूमा लागु गरेता पनि राष्ट्रिय निर्धारित योगदान अर्थात् 2016-INDC जस्ता प्रारम्भिक प्रयासहरुले लैंगिकतालाई बेवास्ता गरेको देखिन्छ । यद्पी, सन् २०२० को राष्ट्रिय निर्धारित योगदान (NDC) मा जलवायु अनुकूलन र न्यूनीकरणका योजनामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिमा उच्च महत्व दिएको छ ।

नेपालको लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति (सन् २०२१) ले महिलाका लागि निश्चित कोटा तोकेको छ– स्थानीय स्तरमा ४० प्रतिशत (२० प्रतिशत दलित) सँगै निर्वाचित प्रतिनिधिमध्ये ३३ प्रतिशत महिला हुनुपर्ने व्यवस्था गरेको छ । तर, प्रतीकात्मक प्रतिनिधित्वद्वारा लक्ष्य पूरा गरी नेतृत्वमा आएका यी महिलाहरू कि त उच्च वर्गीय हुन्छन् कि त नेतृत्वको पारिवारिक पृष्ठभूमिका हुन्छन् । यसबाट मात्र महिलाको सही प्रतिनिधित्व हुँदैन । परिणाम स्वरूप नीति निर्माण र निर्णय प्रक्रियामा महिलाको वास्तविक दृष्टिकोणहरु प्रायः बेवास्ता हुने गर्छन् (Acharya, 2021) ।

### *असल अभ्यास : जलवायु पहल र निर्णय प्रक्रियामा महिलाको नेतृत्व*

*सन् १९९० को दशकमा स्थापित सामुदायिक वन उपभोक्ता समूह (CFUGs) को सफलता उल्लेखनीय उदाहरण हो । महिलाले नेतृत्व गरेका CFUGs ले वन व्यवस्थापनमा प्रभावशाली परिणाम देखाएका छन्, जुन जलवायु परिवर्तन उत्थानशीलताको महत्वपूर्ण मानिन्छ । वन व्यवस्थापनमा महिलाहरुको समावेशिताले दिगोपन बढाएको छ । किनभने घरायसी वा पारिवारिक स्तरमा प्राकृतिक स्रोतसाधन व्यवस्थापन गर्न महिलाको भूमिका विशिष्ट हुन्छ । यी पहलहरूमा महिलाको सशक्त नेतृत्वले निष्पक्षता र दिगोपन बढाई सकारात्मक परिवर्तन ल्याएको छ (Pandey and Pokhrel, 2021) ।*

*उदाहरणको रूपमा महिलाको नेतृत्वमा रहेको 'प्रगतिशील सामुदायिक वन उपभोक्ता समूह' बाँध निर्माण गरी बाढीको जोखिम घटाउन सफल भए । सुरुमा अलि व्यवधान भोगे पनि दलित नेता धनमाया विश्वकर्मा र समूहका पूर्वअध्यक्षको समर्पणले वन व्यवस्थापनमा महिलाको नेतृत्वप्रति सिङ्गो समुदायको अवधारण परिवर्तन भयो (RECOFTC, 2022) ।*

## महिलाको सहभागिता र नेतृत्वमा खाडल र चुनौतीहरू

**व्यक्तिगत तह**

सांस्कृतिक मान्यता र परम्परागत लैंगिक भूमिकाले, महिलाको सार्वजनिक तथा राजनीतिक सहभागितालाई सीमित गर्दछ र उनीहरुलाई पारिवारिक जिम्मेवारीहरुमा सीमित गर्दछ । धेरै महिलाहरुलाई जलवायु परिवर्तनले आफ्नो जीवनमा कसरी प्रभाव पारेको छ भन्नेमा अनविज्ञ छन् । जसले जलवायु समाधानमा महिलाहरुको अर्थपूर्ण सहभागिता, योगदान र क्षमतामा बाधा पुऱ्याउँछ ।

**सामुदायिक तह**

नीति निर्माण र निर्णायक तहमा रहेका पुरुषहरू समाजमा महिलाको योगदानलाई महत्वहीन ठान्छन् । बैठकमा उपस्थित भए पनि महिलाको सहभागिताले केही फरक पार्दैन । त्यति मात्र होइन, लैंगिकताकै आधारमा हुने विभाजन र हिंसा, सुरक्षित स्थानको कमी आदिले महिलालाई जलवायु गतिविधिमा क्रियाशील हुन हतोत्साहित गर्छ ।

**संस्थागत तह**

महिलाका विशेष आवश्यकता र चुनौतीहरूलाई नीति निर्माणमा प्रायः बेवास्ता गरिन्छ, र जलवायु नीति निर्माण गरिने प्रमुख सञ्जाल र मञ्चहरूमा महिलाको सहभागिता हुँदैन । सामाजिक-आर्थिक नेतृत्वमा अवरोध, शिक्षा र स्रोतसाधनमा सीमित पहुँच आदिले पनि महिलालाई जलवायु परिवर्तन सम्बन्धी निर्णय प्रक्रियामा भूमिका निर्वाह गर्न रोक्छन् । अन्तरसम्बन्धित पक्षहरुले पनि महिलाका चुनौतीहरूलाई अझै जटिल बनाउँछन् । सीमान्तकृत जाति, जातीय अल्पसङ्ख्यक र अपाङ्गता भएका महिलाहरूले भोगिरहेका भेदभाव र चुनौती सम्बोधन गर्न निश्चित रणनीति आवश्यक पर्छ ।

## मापनका सूचकहरू

**क) मात्रात्मक सूचकहरु**

| क्षेत्र | सूचक |
|---|---|
| १. वर्गीकृत तथ्याङ्क सङ्कलन | १.१. लैंगिकताका आधारमा वर्गिकृत जलवायु सम्बद्ध तथ्याङ्कको प्रतिशत । |
| | १.२. कृषि, ऊर्जा, विपद् व्यवस्थापन, खानेपानी आदि क्षेत्रले लैंगिकतामा आधारित जलवायु तथ्याङ्क सङ्कलका लागि आधिकारिक मार्गदर्शन वा ढाँचा अवलम्बन भएको सङ्ख्या । |
| | १.३. योजना, कार्यान्वयन र प्रतिवेदनमा लैंगिकताका आधारमा वर्गिकृत तथ्याङ्क प्रयोग गरी सञ्चालन गरिएका जलवायु अनुकूलन र न्यूनीकरण परियोजनाका प्रतिशत । |
| | १.४. ऊर्जा, कृषि, खानेपानी आदि क्षेत्रका योजना निर्माण र कार्यान्वयनम लैंगिकताका आधारमा वर्गिकृत तथ्याङ्कहरुको तुलनात्मक विश्लेषण । |
| | १.५. जातजाति, सामाजिक-आर्थिक स्थिति आदिका आधारमा जलवायु समाधान पहल र निर्णायक तहको नेतृत्वमा सीमान्तकृत महिलाहरुको सङ्ख्या । |
| २. महिलाको नेतृत्वमा सम्पन्न कार्यको दस्ताबेजीकरण | २.१. जलवायु परिवर्तन सम्बोधन गर्न महिला नेतृत्वमा सञ्चालित परियोजना वा कार्यक्रमको सङ्ख्या । |
| | २.२. महिलाको भूमिका र योगदान अभिलेखीकरण भएका जलवायु पहलहरूको प्रतिशत । |
| | २.३. महिला नेतृत्वका जलवायु पहलहरूको विशेषता झल्किने लेख, प्रतिवेदन र घटना अध्ययनको सङ्ख्या । |
| | २.४. जलवायु कार्य सम्बन्धि नेतृत्व र क्षमता विकास कार्यक्रममा सहभागी महिलाहरुको सङ्ख्या । |
| | २.५. महिला नेतृत्वमा सञ्चालित जलवायु परियोजनाहरूले प्राप्त गरेका लक्ष्य र उपलब्धिका सङ्ख्या । |

| | |
|---|---|
| ३. बजेट विनियोजन | ३.१. समग्र जलवायु बजेट मध्ये लैंगिक-न्यायसंगत जलवायु समाधानमा विनियोजित बजेटको प्रतिशत । |
| | ३.२. महिला नेतृत्वका परियोजनामा विनियोजित जलवायु बजेटको प्रतिशत। |
| | ३.३. लैंगिक-न्यायसंगत जलवायु समाधानमा विनियोजित बजेटको वार्षिक वृद्धिदर । |
| | ३.४. महिलाको सहभागिता र नेतृत्व प्रोत्साहन गर्ने कार्यक्रमहरूमा निर्देशित जलवायु कोषको प्रतिशत । |
| | ३.५. ऊर्जा, कृषि, खानेपानी आदि जलवायु सम्बद्ध क्षेत्रमा लैंगिक उत्तरदायी दृष्टिकोण अपनाई कार्यान्वयन गर्ने नीतिहरूको सङ्ख्या । |
| ४. जलवायु निर्णय-प्रक्रियामा महिला सहभागिता | ४.१. जलवायु परिवर्तन सम्बन्धि समिति वा पहलहरूमा महिला सहभागी सङ्ख्यामा आएको परिवर्तन । |
| | ४.२. जलवायु पहलहरूको नेतृत्व भूमिका रहेका महिलाहरुको अनुपात । |
| | ४.३. जलवायु नीति निर्णय गर्ने बैठकहरूमा महिलाको उपस्थिति र सक्रिय सहभागिताको आवृत्ति (frequency)। |

**ख. गुणात्मक सूचकहरु**

| क्षेत्र | सूचक |
|---|---|
| १. जलवायु सम्बन्धि समिति र पहलहरूमा महिला संलग्नताको गुणस्तर | १.१. महिला योगदानको डिग्री : जलवायु छलफलहरूमा महिलाबाट अर्थपूर्ण र जानकारीमूलक विचार अभिव्यक्तिको मात्रा मूल्याङ्कन । |
| | १.२. महिलाको योगदानको प्रभाव : महिलाहरूको सुझावले निर्णय प्रक्रिया र नीति निर्माणमा ठोस परिवर्तन ल्याएको छ कि छैन भनी मूल्याङकन । |
| | १.३. धारणागत स्वीकृति : समग्र समाजमा समकक्षी पुरुषहरूले महिलाका विचार कसरी लिन्छन् भनी मूल्याङ्कन । |
| | १.४. विचार अभिव्यक्तिको अवसर र आवृत्ति : छलफलहरूमा महिलालाई केकति बोलाइन्छ र उनीहरूको योगदानको प्रकृति र प्रासङ्गिकता कस्तो छ भनी अनुगमन । |
| | १.५. ज्ञान आदानप्रदानमा संलग्नता : महिलाहरू आफ्ना विचार, विशेषज्ञता र ज्ञान कसरी आदानप्रदान गर्छन् र त्यसले नीति र पहल समायोजनमा प्रभाव पार्छ कि पार्दैन भनी मूल्याङ्कन । |
| २. जलवायु निर्णयहरूमा महिलाको प्रभाव | २.१. नीतिगत निर्णयहरुको प्रभाव : जलवायु नीतिगत निर्णयहरूमा लैंगिक उत्तरदायी सुझावहरू कुन हदसम्म प्रतिबिम्बित भए भन्ने मूल्याङ्कन । |
| | २.२. महिला कारण भएका नीतिगत परिवर्तन : महिलाहरुको योगदानलाई श्रेय दिन सकिने नीति वा कार्यहरुमा भएका परिवर्तनहरुको अनुगमन । |
| | २.३. सरोकारवालाको धारणा : निर्णय प्रक्रियामा महिला संलग्नता, महत्व र प्रभावबारे सरोकारवालाहरूको बुझाइ अथवा धारणहरु । |
| ३. महिलाको सहभागितामा समर्थन र अवरोध | ३.१. स्रोत र सहयोगका प्रकार : महिलाहरुको लागि परामर्श, प्रशिक्षण, स्रोतसामग्रीको उपलब्धता र पहुँचको मूल्याङ्कन । |
| | ३.२. सहभागितामा अवरोध : महिला सहभागितामा अवरोध गर्ने कारण पहिचान गरी सम्बोधनका प्रयासहरुको विश्लेषण । |
| | ३.३. संस्थागत परिवर्तन : महिला सहभागितालाई अझ प्रोत्साहन गर्न जलवायु परिवर्तनका नीतिगत सुधारहरुको अनुगमन । |

| | |
|---|---|
| **४. महिलाको ज्ञान र सीप विकास** | ४.१. तालिममा पहुँच : जलवायु अनुकूलन र नेतृत्वका लागि शिक्षा र तालिममा महिलाहरू पहुँच मापन । |
| | ४.२. स्वप्रतिवेदित सीप सुधार : जलवायु पहलसँग सम्बद्ध महिलाको ज्ञान र सीपहरुमा भएका परिवर्तन मूल्याङ्कन । |
| **५. जलवायु नेतृत्वमा महिलाको आकाङ्क्षा** | ५.१. नेतृत्वको आकाङ्क्षा : जलवायु पहलमा महिलाले नेतृत्व लिन इच्छाशक्तिमा आएको परिवर्तन मूल्याङ्कन । |
| | ५.२. क्षेत्रगत प्राथमिकता : जलवायु कार्य र निर्णय प्रक्रियामा संलग्नताको लागि महिलाहरुले प्राथमिकता दिएका क्षेत्रहरुमा परिवर्तन मूल्याङ्कन । |
| **६. जलवायु नीति निर्माणमा महिलाको आवाज** | ६.१. महिलाका धारणा समावेशिता : नीति निर्णयहरूमा महिलाका विचारहरु समावेश भए नभएको मूल्याङ्कन । |
| | ६.२. नीतिगत दस्तावेजमा प्रतिनिधित्व : आधिकारिक नीति दस्तावेजमा महिला दृष्टिकोणको महत्वको मूल्याङ्कन । |
| | ६.३. महिलाका विचारको प्रभाव : जलवायुसम्बन्धी नीतिगत बैठकहरूमा महिलाको योगदानको आवृत्ति र प्रभावमा भएका परिवर्तन मूल्याङ्कन । |
| | ६.४. महिलाको नेतृत्वप्रति समर्थन : जलवायु गतिविधिमा महिलाको सहभागिता र नेतृत्वप्रति समर्थनका धारणा मूल्याङ्कन । |
| | ६.५. प्रतिक्रिया संयन्त्र : महिलाहरुको योगदानले निर्णय प्रक्रियामा कस्तो प्रभाव पारेको भन्ने जानकारी प्रदान गर्ने प्रतिक्रिया संयन्त्रको मूल्याङ्कन । |
| **७. जलवायु कार्य निर्णयमा महिलाको प्रभाव** | ७.१. महिलाको भूमिकाप्रतिको धारणा : जलवायु गतिविधि सम्बद्ध निर्णयहरूमा महिलाको भूमिकाबारे सरोकारवालाको धारणा मापन । |
| | ७.२. नीतिमा महिलाको प्रभाव : जलवायु नीति र कार्ययोजना निर्माणमा महिलाको क्षमता र प्रभाव मूल्याङ्कन । |
| | ७.३. महिला वकालतकर्ताहरूलाई सहयोग : लैंगिक संवेदनशील जलवायु नीतिहरूको वकालत गर्ने महिलाहरुको उपलब्ध सहयोगका स्रोत पहिचान । |
| | ७.४. नेतृत्व वहनका परिणाम : जलवायु गतिविधिमा आफ्ना विचार राख्दा वा नेतृत्व गर्दा महिलाले सामना गर्नुपर्ने चुनौती वा अवसरको विश्लेषण । |
| **८. महिला आवश्यकता सम्बोधनमा जलवायु पहलको गुणस्तर** | ८.१. जलवायुका पहलमा महिलाको योगदान : जलवायु समाधानका पहलहरूको निर्माणमा महिलाको सक्रिय योगदानको मूल्याङ्कन । |
| | ८.२. योजनामा सहभागिता : जलवायु पहलका योजना प्रक्रियामा महिला सहभागिताको महत्व निगरानी मूल्याङ्कन । |
| | ८.३. शैक्षिक पहुँच र प्रभावकारिता : जलवायुका मुद्दाहरू र उनीहरुको भूमिका बारेमा महिलाहरुलाई जानकार बनाई प्रभावकारिता मापन । |

नेपालले GESI रणनीति, सन् २०२१ र संशोधित NDC जस्ता प्रगति हासिल गरे पनि जलवायु नीतिहरूमा लैंगिक दृष्टिकोणको एकीकरण अपर्याप्त छ। विशेषत: सीमान्तकृत समूहका महिलाहरूले अर्थपूर्ण सहभागिता र नेतृत्व गर्न प्रणालीगत चुनौती सामना गरिरहेछन्। महिलाको नेतृत्व भएका CFUGs का सफलताका कथाले जलवायु अनुकूलन र वन व्यवस्थापनमा महिला नेतृत्वको रुपान्तरणकारी प्रभाव पारेका छन् । यद्पि, प्रतीकवाद (tokenism), वास्तविक संलग्नताको अभाव, तथा सामाजिक विचारधारण जस्ता मुद्दाहरु कायमै रहेकाले महिलाको समग्र प्रभावमा सीमित गरिरहेछ ।

उल्लिखित चुनौती सामना गर्दै प्रगतिको पूर्ण अवस्था समेट्न, विश्व अनुकूलन लक्ष्य (GGA) ढाँचामा गुणात्मक र मात्रात्मक सूचकयुक्त बहुआयामिक दृष्टिकोण आवश्यक छन् । पुरुष सहयोगीहरूसँग साझेदारीलाई बढावा दिएर र जलवायु निर्णय प्रक्रियामा महिलाहरूलाई सक्रिय रुपमा संलग्न गराएर, हामी दिगो र उत्थानशील समुदाय बनाउन सक्छौं । यस्ता प्रयासले जलवायु अनुकूलन रणनीतिमा समावेशिता र प्रभावकारिता बढाउँछ । यसबाट महिलाका आवाज सुनिने मात्र होइन, भविष्यमा जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण गर्ने निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण प्रभाव सुनिश्चित गर्छ ।

# सिद्धान्त ४ :
# महिलामाझ सूचना तथा जानकारीको पहुँच सुनिश्चितता

**यस सिद्धान्तले महिलाहरूलाई जलवायु सम्बन्धि जानकारी सुलभ, सान्दर्भिक र व्यवहारिक रूपमा उपलब्ध गराउनु पर्ने महत्वलाई जोड दिन्छ । विषयवस्तुबारे प्रस्ट जानकार महिलाको जलवायु क्रियाकलापमा सक्रिय सहभागिताले, समता र उत्थानशीलता प्रवद्ध गर्छ । महिलाहरूको विशेष आवश्यकता, साक्षरताको स्तर, भाषा र प्रविधिको पहुँचअनुरुप सूचना प्रसार हुनुपर्छ । जलवायुजन्य जोखिम, समाधान र अवसरमार्फत प्रभावकारी सूचनाद्वारा महिलाहरू जानकारीमूलक निर्णय, अधिकारको वकालत र नेतृत्वदायी समाचार सम्प्रेषण गर्न सक्षम हुन्छन् । यस प्रकाशनले प्रसारका सफल प्रयासमा गुणात्मक र मात्रात्मक सूचकहरू सुझाउदै विविध सन्दर्भ र महिलासाग जोडिने सञ्चार रणनीति तर्जुमा गर्न मार्गदर्शन गरेको छ ।**

## परिचय

प्रभावकारी सूचना प्रसार महिलाहरुलाई सशक्त बनाउन अत्यावश्यक छ, विशेषतः जलवायु अनुकूलन, कृषि प्रविधि, विपद् व्यवस्थापनको पूर्वतयारी र स्वास्थ्य क्षेत्रमा । यसले सान्दर्भिक विषयमा पूर्वसूचनासहित निर्णय लिन, अधिकारबारे वकालत गर्न र जलवायु समस्या समाधानमा योगदान दिन सहयोग गर्छ । नेपालमा १२५ भाषा-भाषिका (Bhattachan, 2003) का कारण विशेषतः सीमान्तकृत महिलाहरूमा जलवायु सूचना पहुँचयुक्त छ भनी सुनिश्चित गर्नु महत्वपूर्ण छ । यस अवधारणाले जलवायु चुनौतीहरूमा नीतिगत लचकता र लैंगिक समता प्रवर्द्धन गर्छ ।

महिलामा सूचना प्रवाह प्राविधिक मात्र नभई लैंगिक न्याय प्राप्तिको मुख्य आधार हो । महिलाका जोखिम र विशेष आवश्यकता पहिचान, अझ सीमान्तकृत वर्गका महिलालाई पूर्ण समाहित गरी सूचनाको खाडललाई कम गर्ने र जलवायु पहलमा सेतुको काम गर्ने लक्ष्य राख्छ । सूचनामा पहुँच हासिल गर्न विभिन्न चुनौतीसँग लड्नुपर्छ । ग्रामीण महिलाहरूले इन्टरनेट पहुँचमा संघर्ष गर्न सक्छन्, भने शहरी महिलाहरूले जटिल डिजिटल प्लेटफर्महरू नेभिगेट गर्न चुनौतीहरूको सामना गर्न सक्छन् । शैक्षिक स्तर र सामाजिक-आर्थिक स्थितिले सूचनाको पहुँचमा थप प्रभाव पार्छ । यो सिद्धान्तले बुझ्न सकिने र कार्य गर्न सकिने ढाचाँ र सरल भाषाहरुमा सूचना प्रदान गर्न जोड दिन्छ, जसले गर्दा उनीहरुलाई आफ्नो जीवनशैली र समुदायमा असर पार्ने निर्णय प्रक्रियामा सहभागि हुन र प्रभाव पार्न सक्षम बनाउँछ ।

जोखिमयुक्त समूह विशेषतः सीमान्तकृत र दुर्गग क्षेत्रका महिलाहरूमा जलवायु चुनौतीबारे उचित ज्ञान प्रवाह गर्ने माध्यमहरूको छनोट निकै महत्वपूर्ण छ । महिलासँग जलवायु प्रभाव र राम्रा अभ्यासहरुको बारेमा उपयोगी आदिवासी ज्ञान पनि छ, जुन जलवायु अनुकूलन रणनीति निर्माणमा महत्वपूर्ण हुन सक्छन् ।

यस सिद्धान्तले नेपाली महिलामा सान्दर्भिक सूचना प्रवाहका उपलब्धिहरू खोजी गर्छ । अधिकार प्राप्तिमा केन्द्रित हुँदै गलत सूचनाको सामना गर्न र आफ्ना अधिकार चिन्न जीवनका विविध पक्षमा उनीहरूलाई सशक्त बनाउँछ । भाषागत अवरोध, प्राविधिक शब्दजाल, सीमित प्राविधिक पहुँच र प्रस्तावित रणनीतिहरूले उनीहरूका अवरोध सामना गर्ने विषय सम्बोधन गर्छ । असल अभ्यास र नवप्रवर्तनात्मक (innovative) अवधारणाद्वारा सूचना प्रवाह प्रभावकारी बनाइन्छ । यसमार्फत महिलाहरू सुसूचित मात्र नभई काममा सशक्त हुन्छन् ।

*असल अभ्यासले महिलामाझ सूचना तथा जानकारी प्रसार प्रवर्द्धन*

*PRC र Tewa द्वारा संयुक्त रूपमा आयोजित लैंगिक-न्यायसंगत जलवायु समाधान संवादबाट पहिचान भएका असल अभ्यासहरु :*

1. ***कञ्चनपुरमा जोखिम पहिचान सहित घरधुरी विपद् व्यवस्थापन योजना***

   *महिलाहरूलाई प्रभावकारी सूचना प्रवाहले लैंगिक-न्यायसंगत जलवायु समाधानहरु अगाडि बढाउन सहयोग गर्छ। उदाहरणका लागि सन् २०२१ को जनगणनामा वडा तहको प्रश्नावलीले तथ्याङ्क सङ्कलनसँगै स्थानीय प्रसूति केन्द्र, जलवायु परिवर्तनको प्रभाव, विपद् व्यवस्थापन केन्द्रलगायत जरुरी स्थानीय पूर्वाधारहरूको सूचना समेटेको थियो । यो अवधारणा बनाउँदा विपद् जोखिम मूल्याङ्कन (DCA) ले कञ्चनपुरमा घरधुरी विपद् व्यवस्थापन योजना कार्यान्वयन गऱ्यो। सो अनुसार सङ्कटग्रस्त घर, जोखिमयुक्त व्यक्ति (बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका, गर्भवती महिला) पहिचानका लागि झन्डा राख्ने पद्धति प्रयोग गरियो। यो पद्धतिले जोखिममा रहेको जनसङ्ख्यालाई आकस्मिक समयमै सहयोगको सुनिश्चितताका लागि प्राथमिकता दिन्छ।*

2. ***छलफल चौतारी : महिला नेतृत्वमा जलवायु संवाद***

   *महिला नेतृत्वका पहलहरू जलवायु सूचना प्रसारमा सशक्त छन् । आदिवासी समुदायले जलवायुमैत्री अभ्यासहरूबारे सक्रिय रूपमा सचेतना बढाएका छन्, जस्तै फोहरमैला व्यवस्थापन। महिला नेतृत्वको समूह 'छलफल चौतारी' ले स्थानीय सरकारहरुलाई जलवायु संवाद संलग्न गराउँछ, लैंगिक-न्यायसंगत जलवायु समाधानहरुको प्रवर्द्धन गर्छ र निर्णय प्रक्रियामा महिलाको आवाजलाई बढावा दिन्छ।*

3. ***टेवाद्वारा समुदाय सुरक्षा सञ्जाल पहल : दिगो अभ्यासतिरको रुपान्तरण***

   *टेवा नेपालद्वारा सञ्चालित समुदाय सुरक्षा सञ्जालले प्लास्टिकका थैलाका उत्पादनबाट दिगो खेतीतर्फ लाग्न आवश्यक सूचना र सीप प्रदान गर्दै महिलाहरूलाई सबल बनाएको छ। यस्तो परिवर्तनले लक्षित सूचना मात्र प्रवाह गर्दैन, महिलाहरूलाई दिगो अभ्यास अवलम्बन गर्न सशक्त बनाउँछ।*

*जलवायु सम्बन्धी विषयहरूलाई सरल र सान्दर्भिक शब्दहरूमा व्याख्या गर्ने छोटो भिडियो क्लिपहरू; र मौसम अवस्था र आपतकालीन कार्यहरूमा एसएमएस अलर्टहरू जस्ता विभिन्न मिडिया विधिहरूले जलवायु जानकारीलाई पहुँचयोग्य र कार्ययोग्य बनाउँछन्, विशेष गरी ग्रामीण महिलाहरूका लागि। परम्परागत र आधुनिक सञ्चार विधि समेटिएको बहुसञ्चार अवधारणाले व्यापक पहुँच सुनिश्चित गर्छ। स्थानीय रेडियो, सामुदायिक बैठक, व्यावहारिक कार्यशालाहरूले महिलालाई संलग्न हुन र जलवायु क्रियाकलापमा प्रभाव पार्न प्रोत्साहित गर्छन् । प्रतिक्रियात्मक संयन्त्रहरूले त्यस्ता प्रयास सशक्त बनाउँदै निरन्तर सुधार गर्न प्रेरित गर्छन् ।*

## महिलामाझ सूचना तथा जानकारी प्रसार प्रवर्द्धनमा चुनौतीहरू

नेपाली महिलाहरूमा सूचना प्रवाह गर्न भाषागत, प्राविधिक, सामाजिक, आर्थिक, सांस्कृतिक अवरोधहरुले जलवायु निर्णय प्रक्रियामा सहभागिताको सीमितताले उत्पन्न चुनौतीहरु ।

**क) भाषा तथा सञ्चारका अवरोधहरु**

१४२ जातिगत समूह तथा धेरैभन्दा धेरै स्थानीय भाषिका रहेको नेपालको भाषिक विविधताले सञ्चारमा जटिल चुनौती प्रस्तुत गरेको छ। सूचना तथा जानकारी प्रायः राष्ट्रिय वा क्षेत्रीय भाषाहरूमा हुनाले धेरैको बुझाइ (विशेषः ग्रामीण महिला) को बुझाइमा सीमितता हुन्छ। जलवायु जानकारी सम्बन्धि प्राविधिक शब्दजालहरूले सर्वसाधरणका लागि कठिनाइ उत्पन्न हुन्छ । यस्ता कठिनाइ समाधान गर्न दोहोरो सञ्चार प्रक्रियासँगै उचित वातावरण सिर्जना गरी महिलाहरूलाई सशक्त बनाएर उनीहरूलाई आवश्यक जानकारी खोजी समुदायमा आत्मविश्वास र जनचेतना अभिवृद्धि आवश्यक छ ।

**ख) प्रविधिमा सीमित पहुँच**

स्मार्ट फोन र सामाजिक सञ्चार माध्यमजस्ता डिजिटल उपकरणहरू धेरै श्रोतासम्म पुग्न सक्छन् तर पहुँच सबै ठाँउमा समान हुदैंन । डिजिटल सूचनामा संलग्न रहिरहन धेरै जसो ग्रामीण महिलाहरूसँग महँगो प्रविधि, अपर्याप्त पूर्वाधार, मोबाइल फोन वा विश्वसनीय इन्टरनेटको सीमित पहुँच एवं न्यून प्राविधिक ज्ञान अवरोध पुऱ्याउँछ । कमजोर सञ्चार तथा सूचना प्रविधि नीति (ICT) कार्यान्वयनले धेरैजसो ग्रामीण महिलाहरू आवश्यक डिजिटल जानकारीबाट बञ्चित हुन्छन् । यस्ता अवरोध सम्बोधन गर्न महिलाहरूमा समतामूलक डिजिटल पहुँच सुनिश्चित गर्न नीतिगत सुदृढता आवश्यक छ ।

**ग) सामाजिक-सांस्कृतिक तथा शैक्षिक अवरोधहरु**

साक्षरता दर न्यून रहेका समुदाय, विशेषतः महिलाहरुलाई लेखन-पठन सामग्रीको पहुँच प्रायः कम हुन्छ । न्यून साक्षरता स्तरले पठन मात्र नभई जलवायु विज्ञान, कानुन आदिका जटिल विषय बुझ्न कठिनाइ हुन्छ । सूचनाको पहुँच र निर्णय प्रक्रियामा पुरुषको भूमिकालाई प्राथमिकता दिने सामाजिक-सांस्कृतिक मान्यताले जोखिममा रहेका सीमान्तकृत महिलामा छानिएका सूचना मात्र पुग्छन् । साथै, मनोवैज्ञानिक र भावनात्मक अवरोधहरूले पनि नियन्त्रित सूचना प्रवाह हुने भएकाले महिलालाई सक्रिय वातावरणमा सूचना खोजी गर्न अवरोध पुऱ्याउँछ । त्यस्ता अवरोध सम्बोधन गर्दै आत्मविश्वास निर्माण गरी समतामूलक सूचना पहुँच प्रवर्द्धन गर्ने रणनीतिकहरु आवश्यक हुन्छन् ।

## मापनका सूचकहरू

**क) मात्रात्मक सूचकहरु**

| क्षेत्र | सूचक |
|---|---|
| १. पहुँच र दायरा | १.१. जलवायु सूचना, अभियान वा विभिन्न स्रोतहरूबाट जानकारी प्राप्त गर्ने महिलाहरूको सङ्ख्या । |
| | १.२. जनसाङ्ख्यिक आधारमा वर्गिकृत गरिएका जलवायु जानकारी सत्रहरूमा सहभागिता दर । |
| | १.३. महिलाहरूबीच डिजिटल उपकरण तथा प्रविधि, मोबाइल, इन्टरनेट, रेडियो, सामुदायिक केन्द्र लगायतका सूचनाका स्रोतमा पहुँच । |
| | १.४. महिलाहरूमाझ जलवायु सम्बन्धी जानकारीका लागि मिडिया प्रयोगको दर । |
| | १.५. जलवायु अनुकूलन सम्बन्धी सरकारी स्रोतमा पहुँच । |
| २. कार्यान्वयन र ग्रहण | २.१. लैंगिक संवेदनशील सूचना प्रसारण रणनीति अपनाउने दर । |
| | २.२. जलवायु परिवर्तन सम्बन्धी जानकारी प्रयोगकर्ताहरुको प्रतिशत, लिंग, उमेर, अपाङ्गता वा जातियता जस्ता प्रमुख अन्तरसम्बन्धित पहिचानका आधारमा वर्गिकृत- दर विश्लेषण । |
| | २.३. सूचना प्रसारमा संलग्न सूचना अधिकारीहरुको सङ्ख्या । |
| | २.४. प्रभावकारी रूपमा प्रसारित लक्षित सन्देशहरूको प्रतिशत । |
| | २.५. जलवायुमैत्री अभ्यासहरु अपनाउने महिलाहरूको प्रतिशत । |
| | २.६. लैंगिक-मैत्री सञ्चार तथा सूचना प्रविधिका लागि स्थानीय सरकारको बजेट विनियोजनको प्रतिशत । |
| | २.७. लैंगिक-मैत्री जलवायु उत्थानशील कार्यका लागि जलवायु परिवर्तन तथा विपद्सँग सम्बन्धित बजेटमा वृद्धिदर । |

ख. गुणात्मक सूचकहरु

| क्षेत्र | सूचक |
|---|---|
| १. बुझाइ र स्पष्टता | १.१. महिलाहरूको सान्दर्भिकता, समयसापेक्षता, शुद्धता र स्पष्टतामा केन्द्रित सूचनाको बुझाइ । |
| | १.२. महिलाहरूलाई प्रतिक्रिया दिन पाइने अवसरहरुको उपलब्धता । |
| | १.३. स्थानविशेष अनुकूलन अभ्यासमा सूचनाको प्रभावकारिता । |
| २. सांस्कृतिक अन्तरसम्बन्धित संवेदनशीलता | २.१. सूचनाको सांस्कृतिक संवेदनशीलता र स्थानीयता । |
| | २.२. सम्भावित व्यवधानलाई ध्यानमा राख्दै जलवायु अनुकूलनमा महिलाहरूको पहुँच । |
| | २.३. सूचनाले ल्याएको प्रभाव देखाउने घटना अध्ययन र कथाका प्रभाव (जस्तै, स्यानिटरी प्याडको वितरण) । |
| | २.४. सूचना प्रक्रियाका नीति निर्माण र अर्थपूर्ण सहभागितामा महिलाहरूको भूमिका । |
| | २.५. आदिवासी र स्थानीय ज्ञानको  मान्यता र प्रयोग । |
| | २.६. महिलामैत्री तरिकाले जानकारी गरिएका जलवायुमैत्री प्रविधिहरुमा पहुँच । |
| | २.७. जानकारी पहुँचमा अन्तरसम्बन्धित समूहहरूको समावेशीकरण । |
| ३. संस्थागत र व्यवहारिक दृष्टिकोण | ३.१. महिलाका विश्वसनीय सूचना स्रोत पहिचान गर्दै सङ्घ-संस्था (सरकारी निकाय, समुदायिक संस्था, नागरिक समाज, गैरसरकारी संस्था आदि) बीच सूचना प्रवाहको प्रभावकारिता । |
| | ३.२. पारदर्शितामा जोड दिँदै महिलाद्वारा सूचनाको हकबारे जनचेतना र अभ्यास । |
| | ३.३. आधिकारिकतामा जोड दिँदै समुदायमा विश्वसनीय सूचना प्रचार । |
| ४. प्रभाव र उत्थानशीलता | ४.१. कृषि, विपद् व्यवस्थापन, जल तथा ऊर्जा क्षेत्रका सूचना आदानप्रदान मार्फत बढ्दो उत्थानशीलता । |
| | ४.२. जलवायु विषयमा महिलाहरुको नेतृत्व । |
| | ४.३. स्वास्थ्य र जनकल्याणमा दीर्घकालीन जलवायु प्रभावबारे महिलाहरूमा जनचेतना । |
| | ४.४. सूचनाको प्रसारले अन्तरसम्बन्धित आवश्यकताहरू कसरी समेटिन्छन् भन्ने घटना अध्ययन । |

लैंगिक-न्यायसंगत जलवायु समाधान प्रवर्द्धनका लागि प्रभावकारी सूचना प्रसार अत्यावश्यक छ । सांस्कृतिक, भाषिक र भौगोलिक सन्दर्भहरूमा नेपाली महिलाका अनुभव भिन्न भिन्न छन् र विश्वसनीय सूचनाले तिनीहरूलाई अर्थपूर्ण योगदान गर्दै जलवायु व्यवस्थापनका पहलमा सशक्त बनाउँछ । सक्रिय रूपमा सूचनाको खोजी, दोहोरो सञ्चारलाई प्रोत्साहन आदि महत्वपूर्ण अवसरले महिलाहरूको सहभागिता र समावेशिता प्रवर्द्धन हुन्छ । सान्दर्भिक ज्ञानले सुसूचित महिला नीतिनिर्णयमा स्पष्ट, अधिकारमा सहयोगी र जलवायु परिवर्तनबाट सिर्जित चुनौती सम्बोधन गर्न सक्रिय भूमिका खेल्छन् । सीमान्तकृत वर्गका महिलाहरु यस्ता महत्वपूर्ण कुरासँगै सूचना प्रवाहका व्यवधान भोगिरहेछन् । भाषिक विविधता, प्राविधिक पहुँचमा सीमितता, सूचनाको पहुँचमा पुरुषलाई प्राथमिकता दिने सामाजिक समस्या सम्बोधन हुनुपर्छ । त्यस्ता विषय सम्बोधन गर्न राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहका सूचनामा सबैको समान पहुँच सुनिश्चित गर्न उपयुक्त नीति आवश्यकता छ ।

मात्रात्मक र गुणात्मक मापनले गन्तव्य, सान्दर्भिकता र समावेशी सूचना प्रवाहमा व्यापक सहयोग गर्छन् । मात्रात्मक मापनले सहभागिता र अपनाउने दर (adoption rate) अनुगमन गर्छ भने गुणात्मक सूचकहरूले सूचनाको प्रभाव, सान्दर्भिकता र सांस्कृतिक दृष्टिकोण बारे गहिरो बुझाइ दिन्छ ।

स्थानीय सन्दर्भमा परम्परागत र आधुनिक माध्यम मिश्रण गरी समुदायमा-आधारित परियोजना र डिजिटल उपकरणमार्फत सञ्चार रणनीति अपनाउन महिलाहरूको सक्रिय सहभागिता नेपाली सन्दर्भका उदाहरणहरु हुन् । क्षमता निर्माण र महिलाको नेतृत्वदायी भूमिकामा यस निरन्तर सिकाइ प्रक्रियाले जलवायु चुनौती सामना गर्न समुदायलाई सशक्त बनाउँछ । डिजिटल साक्षरता कार्यक्रम, जलवायु तथ्याङ्क कार्यशाला, र नेतृत्व विकासका तालिम जस्ता पहलहरु महिलाहरुलाई सुचानमा पहुँच दिलाउने र त्यसको प्रभावकारी उपयोग गर्न महत्वपुर्ण उपायहरु हुन्, जसले उनीहरुको उत्थानशीलता बढनउँछ र विकसित भइरहेका जलवायु चुनौतीहरुसँग सामना गर्न सशक्त बनाउँछन् ।

# सन्दर्भ सामग्री सूची


- Ahmed, S., & Fajber, E. (2009). Engendering adaptation to climate variability in Gujarat, India. Gender & Development, 17(1), 33-50.
- Al-wazedi, U. (2020). Postcolonial Feminism. In Companion to Feminist Studies (pp. 155–173). https://doi.org/10.1002/9781119314967.ch9
- *Amnesty International. (2024, May 14). Nepal: Systemic descent-based discrimination against Dalits needs urgent action* – NEW REPORT. https://www.amnesty.org/en/latest/news/2024/05/descent-based-discrimination-against-dalits-innepal/
- Beauchamp, E., & Józefiak, I. (2023). IISD REPORT.
- *Bee, B. (2013). Who reaps what is sown? A feminist inquiry into climate change adaptation in two Mexican ejidos. ACME: An International Journal for Critical Geographies, 12(1), 131-154.*
- Bhattachan, K. B. (2003). *Indigenous nationalities & minorities of Nepal.* Minority Rights Group International.
- Chhetri, B., & Ghimire, S. (2023). Gender differentiated impacts of climate change on agriculture in Nepal: A review. Innovations in Agriculture, 01–08. https://doi.org/10.25081/ia.2023-021
- Dhungel, N. (2023, December 16). Nepal's climate-gender nexus. Kathmandu Post. https://kathmandupost.com/columns/2023/12/16/nepal-s-climate-gender-nexus
- Prakriti Resource Centre, Tewa, & Global Alliance on Green and Gender Action. (2022). Gender just climate solutions. PRC.
- RECOFTC. (2022, October 10). *A woman's journey from community forestry to politics.* https://www.recoftc.org/nepal/news/womans-journey-community-forestry-politics
- Sultana, F. (2014). Gendering climate change: Geographical insights. The Professional Geographer, 66(3), 372-381.
- Times, N. (2022, March 8). Mountain women on the climate frontlines. Nepali Times. https://nepalitimes.com/opinion/mountain-women-on-the-climate-frontlines
- United Nations. (n.d.). *Why women are key to climate action | United Nations.* https://www.un.org/en/climatechange/science/climate-issues/women
- UN Women. (2022, February 28). How gender inequality and climate change are interconnected. https://www.unwomen.org/en/news-stories/explainer/2022/02/explainer-how-gender-inequalityand-climate-change-are-interconnected?gclid=EAIaIQobChMI5NTVouKr_wIVAdB3Ch37-QdfEAAYAiAAEgJtHPD_BwE

Prakriti Resources Centre

**Prakriti Resources Centre**
Ghumti Kumari Marg,
Mid-Baneshwor, Kathmandu, Nepal
**Phone number:** 014533340
**Email:** info@prc.org.np
**Web:** www.prc.org.np